के.आई.सिंह गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०८ संख्या०१ मिति२०८१/०८/२१

## भाग-०२

## के.आई.सिंह गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ।

## अन्तिम यात्रालाई सहज बनाउने सम्बन्धी मापदण्ड, २०८१

**प्रमाणिकरण मितिः २०८१-०८-२१**

**प्रस्तावनाः**

के.आई.सिंह गाउँपालिकाको आ.व.०८१-०८२ को नीति तथा कार्यक्रम बमोजिम के.आई.सिंह गाउँपालिका बासी गरिब, बिपन्न, असहाय नागरिकहरूको मृत्यु भएमा निजहरूको निःशुल्क अन्तिम यात्राको व्यवस्था गर्ने घोषणा भई उक्त निर्णय कार्यान्वयन गर्नुपर्ने आवश्यकता भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा के.आई.सिंह गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४ को दफा ४ बमोजिम के.आई.सिंह गाउँपालिका बासीहरूको अन्तिम यात्रालाई व्यवस्थित गर्न गाउँपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद- १

१. **संक्षिप्त नाम, प्रारम्भ**:१) यस मापदण्डको नाम **'अन्तिम यात्रालाई सहज बनाउने सम्बन्धी मापदण्ड, २०८१'** रहेको छ।

२) यो मापदण्ड के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषा**:बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा;

**क**) **'अन्तिम यात्रा'** भन्नाले मानिसको मृत्यु भएपछि दाहसंस्कारका लागि शवलाई घर देखि शवदाह स्थल सम्म लैजाने प्रकृया सम्झनु पर्छ।

**ख**) **'मृतकको परिवार'** भन्नाले मृत्यु भएको व्यक्तिको बाबु,आमा, हजुरबुबा, हजुरआमा, छोरा, छोरी, नाति, नातिनी वा तीन पुस्ता भित्रका व्यक्ति सम्झनुपर्दछ।

## परिच्छेद- २

## मृत्यु भएको जानकारी र सवारी साधनको प्रयोग

३. **मृत्यु भएको जानकारी गराउने**: गाउँपालिकाबासीको मृत्यु भएको सोको जानकारी निवेदन, टेलिफोन लगायतका माध्यमबाट अन्तिम यात्राका लागि निस्कनु भन्दा पहिले गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ।

४. **आफ्नै सवारी साधन प्रयोग गर्न सक्ने**:१) गाउँपालिकालाई सकैको मृत्यु भएको जानकारी प्राप्त भएमा अन्तिम यात्राका लागि गाउँपालिकाको आफ्नै सवारीसाधन ट्रेक्टर प्रयोग गर्न सक्नेछ।

२) गाउँपालिकाको आफ्नै सवारी साधन प्रयोग गर्न सकिने अवस्था नभएमा नगद रकमको व्यवस्था गरिदिन सक्नेछ।

## परिच्छेद- ३

## खर्च सम्बन्धी व्यवस्था

५. **कागजात पेश गर्नु पर्ने**:१) गाउँपालिकाले आफ्नै सवारी साधन प्रयोग गरेमा सोको लागि आवश्यक इन्धन गाउँपालिकाले व्यवस्थापन गर्नेछ। इन्धनको मूल्य रू.५,०००|- भन्दा बढी हुने छैन। रू.५,०००|- भन्दा बढीको इन्धन खपत हुने भएमा सम्बन्धित मृतकका परिवारले व्यहोर्नु पर्नेछ।

२) गाउँपालिकाले आफ्नै सवारीसाधन प्रयोग गरेको भएमा सोको लगबुक तयार गरी पेश गर्नु पर्नेछ।

३) गाउँपालिकाको आफ्नै सवारीसाधन प्रयोग गर्न सकिने अवस्था नभएमा सम्बन्धित मृतकका परिवारले निजी वा भाडाका सवारी साधन प्रयोग गर्न सक्नेछ।

४) निजी वा भाडाका सवारी साधन प्रयोग गरेमा गाउँपालिकाले वडाहरूको दुरी हेरी रू.५,०००|- देखि रू.७,०००|- सम्मको नगद व्यवस्था गरिदिन सक्नेछ।

५) नगद रकम भुक्तानीका लागि मृत्यु भएको १५ दिन भित्र मृतकका परिवारका सदस्यले निवेदन, मृत्यु दर्ताको प्रमाण पत्र, सम्बन्धित वडाको सिफारिस, निवेदकको नागरिकताको फोटोकपी, रकम तिरेको भर्पाई लगायतका कागजात संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ।

६) गाउँपालिकाको सवारी साधन प्रयोग गरेमा मृतकका परिवारले मृत्यु भएको १५ दिन भित्र निवेदन, मृत्यु दर्ताको प्रमाण पत्र लगायतका कागजात पेश गर्नु पर्नेछ।

६. **भुक्तानी सम्बन्धी व्यवस्थाः** १)सम्बन्धित मृतकका परिवारलाई प्रमाण खुल्ने आवश्यक कागजात पेश हुन आएमा बैंक खाता मार्फत भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद-४
## लगत सम्बन्धी व्यवस्था

७. **लगत राख्नु पर्नेः** गाउँपालिकाले आफ्नै सवारी साधन प्रयोग गरेको भएमा वा निजी/ भाषाको सवारी साधन प्रयोग गरी भुक्तानी गरेमा सोको एकीकृत विवरण खुल्ने गरी लगत राख्नु पर्नेछ।

## परिच्छेद-५
## विविध

८. **अन्य कानून बमोजिम हुनेः** संघीय सरकार, प्रदेश सरकारले यस सम्बन्धमा छुट्टै कार्यविधि वा मापदण्ड तोकेको भएमा सोही बमोजिम हुनेछ भने त्यसरी नतोकिएको भएमा यसै मापदण्ड बमोजिम हुनेछ।

९. **खारेजीः** १)यस अघि यस सम्बन्धी गाउँपालिकाले गरेका निर्णयहरू सबै खारेज गरिएको छ।

२) यस अघि गाउँपालिकाले यो सम्बन्धमा कुनै भुक्तानी गरेको भए यसै बमोजिम गरेको मानिनेछ।

आज्ञाले,
हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत